## गाइसिन्गरको बिरामी सेवा कल केन्द्र

**बिलिङ प्रश्नहरूका लागि तपाईंको एकल सम्पर्क बिन्दु :**

**८००-६४०-४२०६**

### हामीलाई सम्पर्क गर्नुपर्ने केही कारणहरू :

- बिलिङ वक्तव्य वा स्टेटमेन्ट बुझ्न मद्दतका लागि
- भुक्तानी गर्नका लागि
- आफ्नो बीमा अपडेट गर्न वा परिवर्तन गर्नका लागि
- आफ्नो हुलाकी ठेगाना अपडेट गर्नका लागि
- भुक्तानी विकल्पहरू छलफल गर्नका लागि
- आर्थिक परामर्शदातासँग वा हाम्रा धेरै स्थानहरूमध्ये कुनैमा बैठक तय गर्नका लागि

### तपाईंको गाइसिन्गर मेडिकल रेकर्ड

हामीले तपाईंको अकाउन्टमा रकम जम्मा गरेको सुनिश्चित गर्न, बिरामीको गाइसिन्गर मेडिकल रेकर्ड नम्बर र जन्ममिति प्रदान गर्न। हरेक बिरामीसँग एउटा विशिष्ट गाइसिन्गर मेडिकल रेकर्ड नम्बर हुन्छ। तपाईंलाई आफ्नो अकाउन्टको स्थिति जाँच गर्न पनि यो नम्बर आवश्यक पर्छ। मेडिकल रेकर्ड नम्बर तपाईंको वक्तव्य वा स्टेटमेन्टको माथिल्लो भागमा दाहिने पट्टि हुन्छ।

### गाइसिन्गरले स्वीकृत गरेको भुक्तानीका प्रकारहरू :

- नगद
- डेबिट कार्डहरू
- व्यक्तिगत चेकहरू, *गाइसिन्गर हेल्थ* प्रति देय
- धनादेश, *गाइसिन्गर हेल्थ* प्रति देय
- डिस्कभर, भीसा र मास्टरकार्ड सहित धेरैजसो प्रमुख क्रेडिट कार्डहरू
- गाइसिन्गर कर्मचारीका लागि, हामी पेरोल कटौतीहरू पनि स्वीकार गर्छौं

## महत्वपूर्ण पूर्वावोलकन

- हामी सेवाहरू प्रदान गरिनुपूर्व अनुमानहरू प्रदान गर्न सक्छौं।
- तपाईंलाई बीमा कभरेज प्राप्त गर्नका लागि मद्दत गर्न हामीसँग स्रोतहरू छन्।
- व्यक्तिगत रूपमा मद्दत गर्नका लागि धेरै स्थानहरूमा आर्थिक परामर्शदाताहरू छन्।
- तपाईंले सेवा प्राप्त गरेको दिनमा वा तपाईंले आफ्नो पहिलो वक्तव्य वा स्टेटमेन्ट प्राप्त गरेको दिन भुक्तानी गर्नुपर्नेछ।
- व्याज मुक्त भुक्तानी योजनाहरू उपलब्ध छन्।
- आम्रो अवैतनिक स्याहार कार्यक्रमले बिरामीहरूलाई आय र परिवारको आकारमा आधारित रहेर मद्दत प्रदान गर्छ।
- बिलिङबारे बढी जानकारीका लागि geisinger.org हेर्नुहोस्।

## कसरी भुक्तानी गर्ने

**अनलाइन :** GeisingerWebPay.org

**हुलाकद्वारा :** Geisinger Health
P.O. Box 27727
Newark, NJ 07101-7727

**फोनद्वारा :** ८००-६४०-४२०६

**व्यक्तिगत रूपले :** कुनै पनि गाइसिन्गर स्थानमा

1371-4376-3/20-VH/DS/ABSTRANS

# तपाईंको बीमा र भुक्तानी विकल्पहरू

Geisinger

**तपाईंका लागि स्याहार र सेवाको असाधारण तह ल्याउनका लागि गाइसिन्गर प्रतिबद्ध छ। यी सेवाहरूका लागि बिलिङ र भुक्तानी विकल्पहरू राम्ररी बुझ्नका लागि यो ब्रोसर समीक्षा गर्नुहोस्। यदि तपाईंसँग कुनै प्रश्नहरू भए, बिरामी सेवा कल सेन्टरलाई ८००-६४०-४२०६ मा फोन गर्नुहोस्।**

**हामी तपाईंलाई मद्दत गर्न पाउँदा खुसी हुनेछौं।**

## पूर्व-सेवा

गाइसिन्गरले स्याहार प्रदान गर्नअघि स्याहारको खर्च निर्धारण गर्न मद्दत प्रदान गर्न सक्छ। यसका लागि तपाईंसँग तीनवटा विकल्प छन्:

- ८००–६४०–४२०६ मा फोन गर्नुहोस्।
- Geisinger.org मा जानुहोस् र खर्च अनुमान अनुरोध गर्नका लागि आफ्नो स्वास्थ्यस्याहार अनुमानित खर्च खोज्नुहोस्।
- कुनै पनि गाइसिन्गर अस्पताल सुविधामा आर्थिक परामर्शदातासँग व्यक्तिगत रूपमा भेट गर्नुहोस्।

### यदि तपाईं अबीमित हुनुहुन्छ भने, गाइसिन्गर विश्वस्त सल्लाहकारले मद्दत गर्न सक्छन्।

हामीसँग फेडेरल स्वास्थ्य बीमा बजारका साथै पेन्सिलभानियाको मेडिकल सहयोग कार्यक्रममा तालिमप्राप्त प्रामाणिक आवेदन परामर्शदाताहरू छन्। तपाईंले स्वास्थ्यस्याहार सेवाहरू लिनु अघिनै तपाईंलाई स्वास्थ्य बीमा प्राप्त गर्न उनीहरूले मद्दत गर्न सक्छन्।

गाइसिन्गर विश्वस्त सल्लाहकार परामर्शदातासँग कुरा गर्न वा आमुन्ने-सामुन्ने एपोइन्टमेन्ट तय गर्नका लागि ८००-६४०-४२०६ मा फोन गर्नुहोस् यो सेवा निशुल्क प्रदान गरिनेछ।

यदि तपाईं अबीमित हुनुहुन्छ र सेवा लिन चाहनुहुन्छ भने, छुट उपलब्ध हुनसक्छ। धेरैजसो केसहरूमा, यी सेवाहरूका लागि समय अगाडि नै शुल्क तिर्न पर्ने हुन्छ। सहयोगका लागि आर्थिक परामर्शदातासँग सम्पर्क राख्नुहोस्।

### नसमेटिने वा कभर नगरिने सेवाहरू

यी ती मेडिकल सेवाहरूका खर्चहरू हुन् जुन तपाईंको बीमाले भुक्तानी गर्दैन। आफूले सेवाहरू लिनु अघि तपाईंको स्वास्थ्य बीमा प्रदायकले समेट्ने सेवाहरू पत्ता लगाउने जिम्मेवारी तपाईंको हो। तपाईंले आफ्नो बीमाले नसमेट्ने यी सेवाहरू लिन सक्नुहुन्छ। सहयोगका लागि आर्थिक परामर्शदातासँग सम्पर्क राख्नुहोस्।

## बीमा बिलिङ

### के गाइसिन्गर मेरो बीमामा सहभागी हुन्छ वा यो सोसँग "सञ्जालभित्र" छ?

गाइसिन्गर धेरै बीमा योजनाहरूसँग सहभागी हुन्छ र सो सूची निरन्तर बढीरहेको छ। सबैभन्दा पछिल्लो सूचीका लागि :

- geisinger.org मा जानुहोस् र *स्वीकृत बीमा (accepted insurance)* रोज्नुहोस्।
- ८००-६४०-४२०६ मा फोन गर्नुहोस्।

यदि तपाईंको बीमा गाइसिन्गरमा सहभागी हुँदैन भने, हामी तपाईंलाई दावी पूरा गर्न मद्दत गर्न सक्छौं; यद्यपि, यदि तपाईं सहभागितामा वा "सञ्जालभित्र" प्रदायककहाँ जानुभयो भने तपाईंले बाँकी उच्च र कमका लागि उत्तरदायी हुनुपर्ने हुनसक्छ।

### दावीहरू फाइल गर्नका लागि मद्दत

हामी तपाईंलाई अमेरिकाको कुनै पनि बीमा योजनाका साथै, मेडिकेयर र पेन्सिलभानिया मेडिकल सहयोगका लागि दावी फाइल गर्दा खुसी हुनेछौं। तपाईंको एपोइन्टमेन्टमा तयार राख्नुपर्ने कुराहरू :

- तपाईंको हालको बीमा कार्ड
- तपाईंको बीमा कम्पनीबाट प्राप्त कुनै पनि दावी फारामहरू
- तपाईंको रोजगारदाताबाट प्राप्त कुनै पनि फारामहरू

### मैले कहिले भुक्तानी गर्नुपर्छ?

केही भुक्तानीहरू तपाईंले प्राप्त गरेको स्याहार अघिनै वा सोही समयमा गर्नुपर्ने हुन्छ। तपाईंको बीमा प्रदायकले निर्धारण गरे अनुसार कुनै ब्यालेन्स तिर्न बाँकी रहे हामी तलाईंलाई बिल पठाउनेछौं।

### भुक्तानी योजनाहरू

यदि तिर्नपर्ने बेलामा बाँकी रहेको ब्यालेन्स तपाईं तिर्न सक्नुहुन्न भने, हामीलाई तुरुन्तै खबर गर्नुहोस्। हाम्रा परामर्शदाताहरू ब्याज-रहित किस्ताहरू* र अन्य विकल्पहरू छलफल गर्न पाउँदा खुसी हुनेछन्।

- हामीलाई ८००-६४०-४२०६ मा फोन गर्नुहोस्।
- व्यक्तिगत रूपमा आर्थिक परामर्शदातासँग कुरा गर्नुहोस्।

**किस्ता योजनाहरू १०० डलर भन्दा बढीका ब्यालेन्सहरूका लागि बनाइन्छन्।*

### आर्थिक सहयोग कार्यक्रम

गाइसिन्गरले अवैतनिक स्याहार कार्यक्रम प्रदान गर्दछ जसले हाम्रा बिरामीहरूलाई आय मार्गदर्शनहरू र परिवारको आकारमा आधारित रहेर सहयोग गर्छ। सो कार्यक्रम बारे जानकारी अनेकन् विधिहरूमार्फत उपलब्ध छन् :

- geisinger.org/patient-care मा जानुहोस् र *आर्थिक सहयोग* (Financial Assistance) छनोट गर्नुहोस्
- बिरामी सेवा कल सेन्टरलाई ८००-६४०-४२०६ मा फोन गर्नुहोस्।
- कुनै पनि गाइसिन्गर अस्पताल सुविधामा आर्थिक परामर्शदातासँग व्यक्तिगत भेट गर्नुहोस्।

### अतिरिक्त बिलहरू

तपाईंले प्रदायकहरूबाट वा गाइसिन्गर बाहेकका स्थानहरूबाट अलग्गै बिल प्राप्त गर्न सक्नुहुनेछ। ती बिलहरू भुक्तानी विकल्पहरू बारेमा जान्नका लागि ती बिलहरूमा भएको सम्पर्क जानकारी प्रयोग गर्नुहोस्।

## प्रमुख पदावली

गाइसिन्गरलाई भुक्तानी गर्नपर्ने रकमका सम्बन्धमा आउने पदावली निम्नलिखित सूचीसँग तपाईं जानकार हुनुपर्नेछ।

**सहभुक्तानी वा "कोपे"** – यो तपाईंले प्रत्येकपटक फिजिसियनलाई भेट्न जाँदा तिर्नपर्ने बिलको तपाईंको अंश हो। यो तपाईंको स्वास्थ्य बीमा प्रदायकले निर्धारण गरेको पूर्वनिर्धारित शुल्क हो जुन सेवा प्राप्त गरेका दिन तिर्नपर्छ।

**कटौती** – यो तपाईंको बीमा कम्पनीले भुक्तानी सुरु गर्नु अगावै तपाईंले मेडिकल उपचारका लागि तिर्नु पर्ने रकम हो - जस्तै १,००० डलर प्रति व्यक्ति, वा ३,००० डलर प्रति परिवार। धेरै जसो केसहरूमा, हरेक वर्ष एउटा नयाँ कटौती सन्तुष्ट गरिनुपर्छ।

**सहबीमा** – यो बिलको तपाईंको अंश हो, प्रायजसो कोपेमा र कटौती देखि बाहेक, जुन तपाईंले तिर्नपर्ने हुन्छ। सामान्यतया सहबीमा जम्मा मेडिकल बिलको प्रतिशत हो – उदाहरणका लागि २० प्रतिशत।

**अत्यावश्यक वा आकस्मिक उपचार** – आकस्मिक सेवाहरूलाई त्यस्ता सेवाहरूका रूपमा परिभाषित गर्न सकिन्छ जसलाई फिजिसियनले असक्तता हुन नदिन, ज्यान वा अङ्गभङ्ग हुन नदिन तुरुन्तै गर्नु पर्ने निर्धारण गर्छन्।

**वैकल्पिक स्याहार र सेवाहरू** – वैकल्पिक सेवाहरू ती मेडिकल स्याहार वा सेवाहरू हुन् जो तालिकाबद्ध गरिन्छन्। यदि तपाईंको स्याहार अत्यावश्यक वा आकस्मिक छैन भने, तपाईंले सेवा लिँदा बिलको केही अंश तिर्नु पर्ने हुन्छ। यदि तपाईंले वैकल्पिक स्याहार लिने योजना गर्नुभयो भने, आफ्नो मेडिकल एपोइन्टमेन्ट तय गर्नुपूर्व हामीलाई फोन गर्नुहोस्। हामी तपाईंका लागि भुक्तानी विकल्पहरू समीक्षा गर्नेछौं।